अंक: कार्तिक- पुष २०७८

# पैरवी




प्रकाशनमा सहयोग गर्नु हुने:
सविता पुर्कुटी,नन्शु श्रेष्ठ

संयोजक: एलिसा श्रेष्ठ, सुलोचना खनाल

पैरवीको यस अंकमा ओरेकले नोभेम्बर २०२१ देखि जनवरी २०२२ सम्म सञ्चालन गरेका अभियानमुलक तथा पैरवीमुलक कार्यक्रमहरुको जानकारी समावेश गरिएको छ । यस अवधिमा संस्थाको ३१ औं वार्षिक साधारण सभा तथा १५ औं अधिवेशनका साथै ३० औं अन्तर्राष्ट्रिय १६ दिने लैङ्गिक हिंसा विरुद्ध अभियानको अवसरमा संस्थाले गरेका पैरवीमुलक तथा सचेतनामुलक कार्यक्रमका केही मुख्य गतिविधी यस अंकको न्युजलेटरमा समावेश गरिएको छ ।

ओरेक
बालकुमारी, ललितपुर फोन नं.: फोन : ०१ ५१८६०७३,
ईमेल : ics@worecnepal.org
वेवसाइट : www .worecnepal.org

# ओरेकको ३१ औं वार्षिक साधारण सभा तथा १५ औं अधिवेशन सम्पन्न




बिगत ३० (तीस) वर्षदेखि महिला अधिकारप्रति समर्पित एवम् सामाजिक न्यायका निम्ति संघर्षरत ओरेकले ८ र ९ जनवरी २०२२ मा **एकतिसौं साधारण सभा तथा पन्ध्रौं अधिवेशन** सफलतापूर्वक सम्पन्न गरेको थियो । उक्त अधिवेशनले अबको २ वर्षका लागि यस संस्थाका संस्थापक अध्यक्ष डा. रेणु अधिकारीको नेतृत्वमा नयाँ कार्यसमिति सर्वसम्मतले चयन गरेको छ ।

उक्त समारोहको पहिलो दिनको उद्घाटन कार्यक्रमको अध्यक्षता संस्थाका निवर्तमान अध्यक्ष रामवती चौधरी थारुले गर्नुभएको थियो भने कार्यक्रमका मुख्य अतिथिको रुपमा राष्ट्रिय सभा सदस्य तथा ओरेकका आजिवन सदस्य माननीय डा. बिमला राई पौड्याल रहनुभएको थियो । कार्यक्रमको शुरुवात संस्थाका निवर्तमान सचिव चाँदनी राणाको स्वागत मन्तव्यबाट भएको थियो ।

**नयाँ कार्यसमितिका पदाधिकारीहरु**

**१. अध्यक्ष : डा. रेणु राजभण्डारी अधिकारी**

**२. उपाध्यक्ष : श्री निर्मला पाण्डे**

**३. सचिव : श्री सविता पोखरेल**

**४.कोषाध्यक्ष: श्री इन्द्रामती नेम्वाङ**

**५. सदस्य : श्री रीता कुमारी शाह**

**६ सदस्य : श्री सूर्य कुमारी गुरुङ्ग**

**७. सदस्य : श्री पदमा चौधरी**

**८. सदस्य : श्री संगिता अधिकारी**

**९. सदस्य : डा. रोजी जोशी**

उक्त कार्यक्रममा संस्थालाई सहयोग गर्ने विभिन्न महानुभावहरुलाई सम्मान गरिएको थियो । कार्यक्रममा पाल्नुभएका अतिथिहरुले आ-आफ्नो मन्तव्यमा ओरेकको अहिले सम्मको संघर्ष र उपलब्धिको चर्चा गर्दै आगामी दिनहरुको लागि शुभकामना व्यक्त गर्नुभएको थियो ।

कार्यक्रमको दोस्रो सत्रमा माननीय डा. बिमला राई पौड्याल र संस्थाका अध्यक्ष डा. रेणु अधिकारीले प्रस्तुती गर्नुभएको थियो । सो प्रस्तुतीमा माननिय डा. बिमला राई पौड्यालले महिला आन्दोलन र राजनीतिक नेतृत्व, नेपालमा भएका कानूनी प्रावधान र राजनैतिक दलमा भएका मुख्य चुनौती विषयमा प्रस्तुती गर्दै सशक्त महिलाले महिलालाई मात्र नभई समाज, राजनीतिक दल र सरकारमा पनि धेरै महत्व राख्ने गदर्छ । महिलाको सहभागितामा तुलनात्मक रुपमा केही उपलब्धी भए तापनि प्रयाप्त लगानी (समय, पैसा, श्रोत तथा प्रोत्साहन) अहिलेसम्म हुन नसकेको तथ्यलाई उजागर गर्दै महिलाको सूचना र नेतृत्वमा पहुँचको सुनिस्चितता नहुने हो भने हामीले सोचेको महिलाको अर्थपूर्ण सहभागिता हासिल गर्न नसकिने कुरामा जोड दिनुभयो ।

त्यस्तै गरी दोस्रो प्रस्तुतिमा संस्थाका अध्यक्ष डा. रेणु अधिकारीले नेपालमा महिला सशक्तिकरण र महिला आन्दोलनका मुद्दा, अवस्था तथा सवालहरुको पहिचान, उठान र आगामी कार्यदिशा विषयमा प्रस्तुति गर्दै चेतना बृद्धी, आयमुलक कार्यक्रममा सहभागिता, राजनीतिक सहभागीतामा बृद्धी, सुधारिएको स्वास्थ्य सेवा जस्ता देखिने परिवर्तन मात्र नभई सबै नागरिकको श्रम, शरीर र पहिचान नै अबको सबैभन्दा महत्वपूर्ण बाटो रहेको कुरामा आफ्नो प्रस्तुति केन्द्रित गर्नुभएको थियो ।

संस्थाका कार्यकारी निर्देशक लुभराज न्यौपानेले आगामी ५ वर्षको रणनीतिक योजना र भावी कार्यलक्ष्यबारे प्रस्तुती दिनुभएको थियो भने संस्थाका निवर्तमान अध्यक्ष रामवती चौधरी थारुको मन्तव्य पश्चात पहिलो दिनको कार्यक्रम समापन भएको थियो । त्यस्तै गरि दोस्रो दिनको अधिवेशनमा पूर्व कार्यसमितिमा रहनु भएका पदाधिकारीहरुलाई स-सम्मान बिदाई गरि निवर्तमान अध्यक्ष रामवती चौधरी थारुले नयाँ कार्यसमितिमा आउने पदाधिकारीहरुलाई बधाई तथा शुभकामना दिनुभएको थियो ।

कार्यक्रमको अन्त्यमा नव निवार्चित अध्यक्ष डा. रेणु अधिकारीले आगामी दिनहरुमा ओरेकलाई अगाडी लिएर जानका निमित्त सबै निवर्तमान पदाधिकारीहरु लगायत सम्पूर्ण सदस्यहरुको सल्लाह, सहकार्य र सहयोगको आह्वान गर्दै कार्यक्रमको अन्त्य गर्नु भएको थियो ।


# महिला हिंसा विरुद्धको वर्ष पुस्तक "अन्वेषी" लोकार्पण



ओरेकले २५ नोभेम्बर २०२१ महिला हिंसा विरुद्धको दिवसको अवसरमा महिला हिंसा विरुद्धको वार्षिक पुस्तक "अन्वेषी" लोकार्पण गऱ्यो । उक्त "अन्वेषी २०७८" को लोकार्पण राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष श्री तप वहादुर मगर, ओरेकका संस्थापक अध्यक्ष डा. रेणु अधिकारी लगायतका अतिथिहरुले संयुक्तरुपमा गर्नुभएको थियो ।

कार्यक्रमको अध्यक्षता संस्थाका निवर्तमान उपाध्यक्ष गोमावती पुनले गर्नुभएको थियो भने ओरेकका कार्यकारी निर्देशक लुभराज न्यौपानेले उपस्थित सहभागीहरुलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्यहरुमाथि प्रकाश पारी कार्यक्रमको औपचारिक सुरुवात गर्नु भएको थियो ।

ओरेकले सन २००८ देखि नै देशभरबाट महिलामाथि हुने हिंसाका घटनाहरुको अभिलेखिकरण गरि महिला हिंसा विरुद्धको वर्ष पुस्तक "अन्वेषी" हरेक वर्ष २५ नोभेम्बर, महिला हिंसा विरुद्धको दिवसको दिन प्रकाशन गर्दै आएको छ । अन्वेषी २०७८ मा 'श्रावण २०७७ देखि असार २०७८ सम्म' ओरेकमा अभिलेखिकरण (सङ्कलन) गरिएका महिलामाथि भएका कूल १७७२ वटा हिंसाका घटनाहरूको विस्तृत विश्लेषण गरिएको छ ।




कार्यक्रमलाई संवोधन गर्दै प्रमुख अतिथि राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष तप बहादुर मगरले सबैभन्दा बढी हिंसा घरभित्रै भएको तथ्याङ्कले उजागर गरेको छ, त्यसैले घरभित्रबाट नै हिंसा निवारणका लागि अभियान सञ्चालन गर्नुपर्ने र हिंसाको अन्त्यबिना समानतामूलक समाजको निर्माण हुन नसक्ने भएकोले नेपाल सरकारले हिंसाविरुद्ध लिएको शून्य सहनशिलताको नीतिलाई कार्यान्वयन गर्ने तर्फ जोड दिनुपर्ने बताउनुभएको थियो ।

ओरेकका संस्थापक अध्यक्ष डा. रेणु अधिकारीले कार्यक्रममा बोल्दै हिंसाको परिणाम भन्दा पनि जरो कारण पत्ता लगाएर काम गर्नुपर्ने, प्रभावितमैत्री सोंचको विकास गर्नुपर्ने र महिला हिंसा न्यूनीकरणका लागि संरचनात्मक रुपान्तरण आवश्यक रहेकोमा जोड दिनुभएको थियो ।

संस्थाका निवर्तमान कार्यकारी सदस्य तथा यस पुस्तकका सम्पादक दुर्गा कार्कीले कार्यक्रममा अन्वेषी सम्पादनका क्रममा रहेको अनुभव तथा समग्र महिलामाथि भएको हिंसा र हिंसा प्रभावितहरुको न्यायमा पहुँचको अवस्थालाई मध्यनजर गर्दै महिला हिंसा न्यूनीकरणका लागि पितृसत्तात्मक संरचनाबाट सिर्जित विभेदकारी सोंचलाई भत्काउन क्रान्ति नै आवश्यक रहेकोमा जोड दिनुभएको थियो। सहभागीहरुलाई धन्यवाद ज्ञापन सहित कार्यक्रमको समापन संस्थाका निवर्तमान उपाध्यक्ष गोमावती पुनले गर्नुभएको थियो ।



कार्यक्रममा सरकारी, गैरसरकारी संघ संस्थाका प्रमुख तथा प्रतिनीधिहरु, पत्रकार तथा मानव अधिकारको सवालमा क्रियाशिल महिला मानव अधिकार रक्षकहरु/अधिकारकर्मीहरु गरि ९० जना भन्दा बढीको सहभागिता रहेको थियो ।

## सार्वजनिक स्थलमा महिला तथा किशोरीमाथि हुने हिंसा सम्बोधनका लागि राष्ट्रिय स्तरको नीतिगत संवाद कार्यक्रम



लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा १ डिसेम्बरमा सार्वजनिक स्थलमा महिला तथा किशोरीमाथि हुने हिंसा सम्बोधनका लागि राष्ट्रिय स्तरको नीतिगत संवाद कार्यकमको आयोजना गरिएको थियो ।

ओरेकको निवर्तमान कार्यसमितीका सदस्य दुर्गा कार्कीको अध्यक्षतामा गरिएको कार्यक्रममा मानव अधिकार आयोगका सह-सचिव दिपक कार्कीको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा राष्ट्रिय महिला आयोगका कानुन अधिकृत, प्रतिनीधि सभा सदस्य, महिला तथा सामाजिक मामिला समितीका उप-सचिव, कानुन न्याय तथा संसदिय मामिला मन्त्रालयका प्रतिनीधिहरु अतिथीको रुपमा हुनुहुन्थ्यो भने संयुक्त राष्ट्र संघिय निकाय, अर्न्तराष्ट्रिय गैरसरकारी संस्था, नागरिक समाज तथा गैरसरकारी संस्था, पत्रकार, मानव अधिकार रक्षक, विद्यार्थी गरी जम्मा ४६ जनाको उपस्थिति रहेको थियो ।



सार्वजनिक स्थलमा महिला तथा किशोरीमाथि हुने हिंसालाई सम्वोधन गर्नका लागि नीतिगत परिवर्तनको पैरवी गर्ने उद्देश्यका साथ गरिएको कार्यक्रममा दुई सत्रहरु रहेका थिए । पहिलो सत्रमा अधिवक्ता रोशनी पौड्यालले नीतिगत अध्ययनको नतिजा प्रस्तुत गर्नुभएको थियो भने दोस्रो सत्रमा प्यानल छलफल रहेको थियो । प्यानल छलफलमा मर्यादित महिनावारी अभियन्ता राधा पौडेल, लैङ्गिक अध्ययन तथा समाजशास्त्रका प्राध्यापक डा. नीती अर्याल खनाल र वरिष्ठ प्रहरी सुपेरिवेक्षक किरण बज्रचार्य प्यानलिष्टको रुपमा रहनु भएको थियो ।

नीतिगत संवाद कार्यक्रमले सार्वजनिक स्थलमा महिला तथा किशोरीमाथि हुने हिंसालाई संवोधन गर्न राष्ट्रिय स्तरमा एक अवसर निर्माण गरेको र सम्बन्धित निकायहरुबीच ऐक्यबद्धता कायम गर्नका लागि सहजीकरण गरेको छ ।



**सन् २०११ मा सार्वजनिक यातायातमा यौन हिंसा हुँदा उजुरी गर्ने म पहिलो व्यक्ति थिएँ। मैले प्रहरीमा उजुरी गर्न जाँदा पुरुष प्रहरीले मलाई चौरमा नै तपाईलाई के भएको भनी सोध्नुभयो । त्यहाँ न महिला प्रहरी हुनुहुन्थ्यो, न प्रभावितको गोपनीयता नै ध्यानमा राखिएको थियो ।**

**- राधा पौडेल, राधा पौडेल फाउन्डेसन**



**महिलाले बोलेको सुन्न सक्ने समाज नभएकोले महिलाले बोल्दैनन्। महिलाहरुले नबोलेका होइनन्, हिंसा प्रतिकार नगरेका होइनन्, समाज महिलाको आवाज सुन्न तयार नभएको हो ।**

**- डा. नीति अर्याल खनाल,**
**लैङ्गिक अध्ययन तथा समाजशास्त्र प्राध्यापक**



**कानुनमा भएका अस्पष्ट र अव्यवहारिक शब्दहरुका कारण सार्वजनिक स्थलमा हुने हिंसाको न्यायिक प्रकृयामा चुनौती छ। जस्तै, करणीको आसयले हेरेको, सुसेलेकोलाई कसरी प्रमाणित गर्ने भन्ने विषयमा चुनौती हुन्छ। यस्ता शब्दका कारण कानुनलाई मोडेर केस अन्तै लाने सम्भावना बढ्छ। पर्याप्त कानुन नभएकाले प्रहरीले जाहेरी दर्ता गर्नका लागि समस्या भोग्नु परेको छ। जुनसुकै प्रकृतीका घटना भएतापनि 'अभद्र व्यवहारमा' जाहेरी दर्ता गर्ने गरिएको छ। त्यसैले प्रष्ट नीतिगत प्रावधान भएमा मात्र प्रहरीलाई सार्वजनिक स्थलमा हुने हिंसा न्युनिकरण गर्न सहज हुन्छ।**

**- किरण बज्रचार्य, वरिष्ठ प्रहरी सुपेरिवेक्षक**

## सार्वजनिक स्थलमा महिला तथा किशोरीमाथि हुने हिंसा सम्बोधनको लागि सार्वजनिक सुनुवाई कार्यक्रम

ओरेकले उदयपुरको रौतामाई गाउँपालिका, चेतनशिल महिला सामुदायिक संस्था, कटारी नगरपालिका र नवज्योती सशक्त महिला सामुदायिक संस्था चौदण्डीगढीको संयुक्त आयोजनामा डिसेम्बर १६,१७ र २३ गते रौतामाई गाउँपालिका-२ भुटारमा, कटारी नगरपालिका र चौदण्डीगढी नगरपालिका-६ मा सार्वजनिक स्थलमा महिला तथा किशोरी माथि हुने हिंसा सम्बोधनको लागि सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरेको थियो ।

### उद्देश्य

- सार्वजनिक स्थलमा महिला तथा बालिकामाथि हुने हिंसाको सम्बोधन कार्यक्रम अन्तर्गत सञ्चालन गरिएका कार्यक्रम, गतिविधीहरु सार्वजनिक कार्यक्रम सञ्चालनका क्रममा आएमा सुरक्षित सार्वजनिक स्थलका सवालहरु, नतिजा, चुनौती तथा सुरक्षित सार्वजनिक स्थल निर्माण गर्नको लागि अबको बाटो के हुनुपर्छ भन्ने बारेमा छलफल गर्ने ।
- सहभागीहरुले उठान गरेको प्रश्न तथा जिज्ञासाहरुमा स्पष्टता ल्याउने र सहभागीबाट प्राप्त रचनात्मक सुझावलाई आत्मसात गरि आगामी दिनमा कार्यन्वयनमा ल्याउने ।

"इलाका प्रहरी कार्यलयमा लैंगिक हिंसा तथा बलात्कार प्रभावित महिलालाई किन खुल्ला ठाउँमा प्रश्न सोधिन्छ? वहाँहरुलाई परामर्श गर्नको लागि छुट्टै कक्षको व्यवस्था किन नगर्ने ?

"सार्वजनिक यातायातमा चढ्दा सह-चालकबाट नै दुर्व्यवहार हुन्छ। बसमा चढ्दा या बसबाट ओर्लदा ढाडमा धाप मार्छन्।

"बाटोमा बसेर केटाहरुले जिस्काउने गर्छन् तर कसैलाई भन्यो भने 'त नै जिस्किन गाकी होला या छोटो लुगा लगाएर हिडेकी थिईस् होला,' भन्ने आरोप लगाउने गर्दछन्। त्यही भएर सार्वजनिक स्थलमा हिंसा भयो भने पनि हामीलाई घटनाको बारेमा कसैलाई भन्ने हिम्मत नै हुँदैन।



### सहभागिबाट छलफलमा आएका भनाईहरु:

- सार्वजनिक यातायातमा आरक्षण सिटको पहुँच नभएको
- समाजमा पछाडी पारिएका वर्ग बढी जोखिममा हुने गरेको
- जेष्ठ नागरिक महिलामाथि पनि विभेद वा हिंसा हुने गरेको
- सार्वजनिक यातायातमा हुने यौन दुर्व्यवहार
- मन्दिरमा जातिय विभेद रहेको
- भोज भतेर जस्ता सामाजिक स्थलमा हुने सामाजिक कार्यमा छुवाछुत
- किशोरले किशोरीलाई सार्वजनिक स्थलमा जिस्काउने
- ट्राफिक प्रहरीले जिस्काउने
- विद्यालयले स्यानिटरी प्याड वितरण गरेर केहि सहज भएता पनि प्याड लिन जाँदा किशोरहरुले जिस्काउने
- सडक पेटीमा व्यवसाय गर्ने महिलामाथि हुने हिंसा
- विपन्न तथा अपाङ्गता भएको महिला अझ जोखिममा रहेको
- स्वयम्सेविकले लामो समयदेखि सेवा सुविधा नपाएको अवस्था

## लुम्बिनी प्रदेशस्तरीय किशोरी सम्मेलन

शिक्षा संस्कृति तथा सामाजिक बिकाश मन्त्रालय लुम्बिनी प्रदेश र ओरेकको संयुक्त आयोजनामा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा डिसेम्बर १० मा बाल विवाह र किशोरीहरुमाथि हुने विभेद विरुद्ध पैरवी र सशक्तिकरणकालागि रुपन्देही बुटवलमा प्रदेशस्तरीय किशोरी सम्मेलनको आयोजना गरिएको थियो । सम्मेलनमा लुम्बिनी प्रदेशका १२ वटै जिल्लाका किशोरी, सरोकारवाला र सञ्चारकर्मी सहित १२८ जनाको उपस्थिति थियो ।




सम्मेलनमा किशोरी तथा बालिकाहरुले १६ बुँदे लुम्बिनी घोषणापत्र जारी गर्दै किशोरी तथा बालिकाको आवश्यकता अनुसारको नीति तथा योजना निर्माण गरि कार्यान्वयन गर्न आग्रह गरेका थिए । यसै गरी, किशोरी तथा बालिकाहरुले स्थानीय तहमा किशोरी विकास समिति तत्काल गठन गर्न र बालविवाहविरुद्ध रणनीतिक योजना निर्माण गरि कार्यान्वयनको माग पनि गरेका थिए । उपस्थित किशोरी मञ्चका सहभागिहरुको अगुवाइमा पुष्पा हरिजनको अध्यक्षतामा लुम्बिनी प्रदेशमा प्रदेश स्तरीय किशोरी सञ्जाल समेत गठन भएको थियो । जसमा १३ जना सदस्यहरु रहेका छन् ।

नवनिर्वाचित अध्यक्ष हरिजनले सरोकारवालाहरूको समन्वयमा बालविवाह, लैङ्गिक भेदभाव र बालविवाहविरुद्ध अभियान चलाउने प्रतिवद्धता जनाउनु भएको थियो ।

## सफल तरकारी उत्पादक देवकुमारी



उदयपुर कटारीकी देवकुमारी रावत चेतनशिल सामुदायिक सँस्थाकी स्वयम् सेवक हुन् । उनी एउटा सफल तरकारी उत्पादक किसान पनि हुन्  । उनले आफ्नो मात्र नभई गाँउमा अरुलाई पनि व्यवसायिक तरकारी गर्न सिकाएकी छिन्  ।

१० कक्षा पास गरेपछि देवकुमारीलाई कृषि विषय नै पढ्न मन थियो तर उनको कुरामा सबैले खिस्सि गर्थे । कसैले साथ नदिएपछि देवकुमारी ११ कक्षामा भर्ना भईन् । त्यहीबेला उनले स्थानीय पत्रिकामा कृषि तालिमको विज्ञापन देखिन् । उनले गाइघाट पुगेर फारम पनि भरिन् । अध्ययन सकेर घर फर्किएपछि उनलाई घरमा कसैले पनि सहयोग नगरेपनि दुई कट्ठा जग्गामा तरकारी रोपिन् । तीन महिनामा उत्पादन तयार भएपछि उनले २० हजारको बोडी र ५९ हजारको खुर्सानी बेचेपछि सबै चकित भए । त्यसपछि घरका मात्र नभई छिमेकीहरुले पनि उनीसँग व्यवसायिक तरकारीको सिप सिक्न आउन थाले ।




पहिलो सिजनमा सफलता पाउँदै गर्दा देबकुमारीले एफएओमा सामाजिक परिचालकको रुपमा काम गर्ने अवसर पाइन् । जागिरको साथै उनले परम्परागत कृषि गर्ने आफ्नो परिवारलाई व्यवसायिक कृषि तर्फ डोऱ्याउन सफल भइन् । उनले पाएको सफलताले अरुलाई पनि प्रेरणा दिएको छ । उनलाई देखेर गाँउमा धेरैले परम्परागत कृषिलाई आधुनिकीकरण गरेका छन् ।अहिले देवकुमारी ओरेकले गठन गरेको चेतनशिल सामुदायिक संस्था कटारीमा रहेर सामाजिक स्वयम् सेवक भई महिलाहरुलाई आत्मनिर्भर बनाउने अभियानमा सक्रिय छिन् ।

२०७० सालमा उनले जेटिए अध्ययनको लागि ओरेक उदयपुरमा इन्ट्रान्स पास गरी नाम निकालिन् । १५ महिना ओरेकमा बसेर अध्ययन गर्दा देवकुमारीले कृषि सम्बन्धी ज्ञानको साथै महिला अधिकार र लैंगिक  समानताको विषयमा पनि धेरै कुरा जान्ने  अवसर पाइन् ।

**२०२१ मा ओरेक उदयपुरले प्राविधिक तालिम केन्द्रबाट तालिम लिएका (कृषि जे टि ए) तथा समुदायमा व्यवसायिक  कृषि तथा पशुपालनको क्षेत्रमा काम गरेका व्यक्तिहरुले राष्ट्रिय सिप परिक्षण परिक्षा दिएका थिए । उक्त सीप परिक्षण परीक्षामा  ३३ जना सहभागि भएका थिए ।**

**विषयगत प्राविधिक सिप परिक्षणमा सहभागिहरुको विवरण**




“

म ओरेकद्धारा सञ्चालित सामुदायिक कृषि सहायक तालिममा सहभागि भई उक्त तालिम पश्चात् राष्ट्रिय सिप परिक्षण समितिले सञ्चालन गर्ने सामुदायिक कृषि सहायक तह १ को परिक्षामा उतिर्ण भएँ। यस अवधिमा नै मैले आफ्नो  गाँउघरमा कृषि पेशामा ३ वर्ष देखि कार्य गर्दै  आईरहेकी  थिएँ । उक्त कार्यको लागि मैले ओरेक उदयपुरमा नौ महिने कृषि  जे . टि. ए. तह २ को पनि सिप परिक्षण गराउने अवसर पाएँ र उक्त  सिप परिक्षणमा म उतिर्ण पनि भए। कृषि व्यवसायबाट जिविकोपार्जन गर्न सकिन्छ भन्ने  कुरामा मेरो आत्मविश्वास बढेको छ । तालिमको अवधिमा हामीलाई ओरेकको विभिन्न अभियान तथा महिला सशक्तिकरणको विषयमा जानकारी दिनु भएको थियो। हाल म ओरेक महोत्तरीमा कृषि प्राविधिक सहायकको रुपमा कार्यरत छु ।



**बेबी कुमारी झा**
**पिपरा गाउँपालिका, महोत्तरी जिल्ला**




## फोरम थिएटर कार्यक्रम

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अन्तराष्ट्रिय अभियानको अवसरमा ओरेकले शैली थियटरसँग समन्वय गरि विद्यालयमा अध्ययनरत किशोर किशोरीहरुलाई यौनिक तथा लैङ्गिक विभेदमा आधारित हिंसासम्बन्धी सचेतना अभिवृद्धि गर्ने उद्देश्यले बुढानीलकण्ठ नगरपालिकाका ३ वटा सामुदायिक विद्यालयहरुमा फोरम थिएटर सञ्चालन गरेको थियो । थिएटर लैङ्गिक हिंसाका सवालहरुप्रति सचेतना अभिवृद्धि गर्ने एउटा महत्वपूर्ण माध्यम हो । यसमा समाज तथा समुदायमा घटेका सवालहरुलाई प्रस्तुत गरि दर्शकहरुलाई समस्याको उपायहरु खोज्ने अन्तरक्रियात्मक तथा सहभागितात्मक माध्यमबाट आफ्नो विचारहरु राख्ने मौका समेत प्रदान गरिन्छ । नाटक ९ र १० डिसेम्बर २०२१ मा बुढानीलकण्ठ नगरापालिकाका श्री नवलिन उच्च मा.वि, श्री ग्राम शिक्षा उच्च मा.वि र श्री महाँकाल उच्च मा.वि का विद्यर्थीहरुलाई लक्षित गरि गरिएको थियो ।

नाटकमार्फत हाम्रो समाजमा व्याप्त घरेलु हिंसा, सार्वजनिक स्थानमा हुने यौन हिंसाका सवालहरुलाई प्रस्तुत गरिएको थियो । थिएटर प्रस्तुतीपछि शिक्षकहरुले विद्यार्थीहरुलाई आफ्नो पाठ्यक्रमभन्दा बाहिर रहेर प्रत्यक्षरुपमा अन्तरक्रियात्मक तवरले गरिएको थिएटर विद्यार्थीहरुमाझ दरिलो सन्देश प्रवाह गर्न सफल भएको प्रतिक्रिया दिनुभएको थियो । फोरम थिएटरमा ३ वटै विद्यालयका ६ देखि १० कक्षासम्मका गरि करिब ५०० जनाको सहभागिता रहेको थियो ।












## थोरै पूँजीबाट सञ्चालित व्यवसायबाट जीविकोपार्जन गर्दै शान्ति देवी मण्डल

म मेरो नाम शान्ति देवी मण्डल हो । म ४८ वर्षको भएँ । विगत ५ वर्षदेखि म सहित ६ जनाको परिवार जनकपुरधाम उपमहानगरपालिका वडा नं. २४ बसैयामा बस्दै आएका छौं । हाम्रो आम्दानीको मुख्य स्रोत भनेको घरमा रहेको किराना पसल नै हो । किराना पसलबाट मेरो मासिक आम्दानी रु १५००० देखि १८००० सम्म हुन्छ । यो किराना पसल सञ्चालनका लागि मैले ओरेकबाट केही सामाग्रीहरु सहयोगस्वरुप प्राप्त गरेको थिएँ । यसैबाट व्यवसायको थालनी गरि हाल मेरो परिवारको आर्थिक अवस्था सुधार भई जीवनयापन गर्न सरल र सहज भएको छ ।

“ व्यवसाय कुनै पनि सानो वा ठुलो हुँदैन भन्ने कुरा आज मलाई थाहा भएको छ । सानो किराना पसलबाट हुने दैनिक आम्दानीले पनि आफूसँग रकम नभएको महशुस नै हुँदैन । यसले घरमा हुने झगडालाई कम गर्न पनि मद्दत्त गरेको छ । त्यसैले म जस्तै दिदी बहिनीहरुलाई व्यवसाय योजना निर्माण गरि तालिमतर्फ अग्रसर हुनका लागी सल्लाह दिन चाहन्छु ।

यस पसल सञ्चालन गर्नुपूर्व मलाई व्यवसायको बारेमा केही पनि थाहा थिएन । परिवारको मुख्य आयस्रोत भनेको दैनिक ज्यालामजदुरी थियो । दैनिक ज्याला मजदुरी गरि आएको रकमबाट घरपरिवारको खर्च, बिरामी हुँदा लाग्ने खर्च अपुग हुनाले घरमा तनाब र घर झगडा पनि हुने गर्दथ्यो । त्यसैले जीवन कष्टकर थियो ।

१ वर्ष अगाडि म समुदायमा नै गठन गरिएको लक्ष्मी महिला कृषक समुहमा आवद्ध भएँ । आबद्धता भएको बेला संस्थाबाट तरकारी खेती, बाख्रा पालन र व्यवसाय गर्नका लागि आवश्यक सहयोग सम्बन्धी तालिम प्रदान गर्ने छलफल भएको थियो । सो छलफलमा अन्य साथीहरुले तरकारी खेती गर्ने, बाख्रा पालन गर्ने, गाईपालन गर्ने कुराहरु राख्नुभयो । मैले भने समुदाय स्तरमा सञ्चालन गर्ने किराना पसल सम्बन्धमा योजना बनाउने निर्णय गरेँ । त्यस पश्चात अन्य साथिहरुलाई ३ दिने तरकारी खेती तालिम, ३ दिने पशुपालन तालिम प्रदान गरियो र म सँगै अन्य ११ जनालाई व्यवसायिक योजना निर्माण सम्बन्धी तालिम प्रदान गरियो । व्यवसाय अनुरुप दुग्ध व्यवसायीलाई बाल्टीन, बकेट, लिटर र बोतल, तरकारी व्यवासायी तथा किराना व्यवसायीलाई ढक तराजु, त्रिपाल, ट्याङका(बाकस) सहयोग गरिएको थियो ।

व्यवसाय कुनै पनि सानो वा ठुलो हुँदैन भन्ने कुरा आज मलाई थाहा भएको छ । सानो किराना पसलबाट हुने दैनिक आम्दानीले पनि आफूसँग रकम नभएको महशुस नै हुँदैन । यसले घरमा हुने झगडालाई कम गर्न पनि मद्दत्त गरेको छ । त्यसैले म जस्तै दिदी बहिनीहरुलाई व्यवसाय योजना निर्माण गरि तालिमतर्फ अग्रसर हुनका लागी सल्लाह दिन चाहन्छु ।

## “उनीहरुको कथा हाम्रो कथा” विषयक डिजिटल स्टोरी टेलिंग कार्यक्रम सम्पन्न




महिला हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत धुलिखेल अस्पताल, **HERA (Health Care Responding to Violence and Abuse)** रिर्सच, ओरेक तथा द स्टोरी किचन, नेशनल ईष्टिच्यूट फर हेल्थ रिसर्च र नर्सिङ समुहको संयुक्त आयोजनामा समुदायका महिलाहरु, यौनिक तथा लैङ्गिक अल्पसंख्यक र अपाङ्गता भएका व्यक्तिहरुले सामना गर्दै आएका लैङ्गिक हिंसाका विभिन्न घटनाहरुप्रति सचेतना अभिवृद्धि गर्ने र उक्त हिंसाहरुलाई डिजीटल स्टोरी टेलिङ मार्फत नेपालमा महिला हिंसाको वर्तमान अवस्थाका बारेमा सरोकारवालाहरुलाई ध्यानाकर्षण गराउने उद्देश्यका साथ ९ डिसेम्बर अडिटरियम हल धुलिखेल अस्पतालमा **“उनीहरुको कथा हाम्रो कथा”** विषयवस्तुलाई लिएर कथा प्रदर्शनी गरेको थियो ।

यस कार्यक्रममा समुदाय तहदेखि संकलन भएका कथाहरु प्रदर्शनी, महिला हिंसासंग सम्बन्धित जानकारीमूलक सामग्रीहरु, महिला उद्यमीहरुले उत्पादन गरेका हस्तनिर्मित र अर्गानिक बस्तुहरुको स्टल समेत राखिएको थियो । यस कार्यक्रम मार्फत धुलिखेल अस्पतालमा कार्यरत डाक्टर, नर्स, स्वास्थ्य चेकजाँचका लागि आएका विरामीहरु सहित २०० जना भन्दा बढीले विभिन्न विषयमा जानकारी पाएका थिए ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति निमार्ण कार्यशाला गोष्ठी सम्पन्न

ओरेकको आयोजनामा लैङ्गिक समानता नीति निर्माणका लागि वातावरण तयार गर्ने उद्देश्यले लक्ष्मीनिया गाँउपालिकामा २ र ३ डिसेम्बरमा २ दिने कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । कार्यशाला गोष्ठीमा पालिका प्रमुख तथा उपप्रमुखहरु, न्यायपालिका सदस्य, कानुनी सल्लाहकार, महिला मानव अधिकार रक्षक सञ्जालहरु सहित ५४ जनाको उपस्थिती रहेको थियो ।




लैङ्गिक विभेदमा आधारित हिंसा मानव अधिकारको सवाल हो । त्यसैले लैङ्गिक विभेदमा आधारित हिंसो उन्मूलन नभएसम्म मानव अधिकार सुनिश्चित हुन सक्दैन भन्ने विषयमा सहभागीहरु यो कार्यशालाबाट स्पष्ट भएको जनाउँदै लैगिक हिंसा अन्त्यका लागि लैङ्गिक समानता नीति आवश्यक भएकोले कार्यक्रममा जनप्रतिनीधि र अन्य सरोकारवालाहरु बीच विस्तृत छलफल भई नीतिको मस्यौदा तयार पारिएको थियो । कार्यक्रममा आफ्नै स्थानीय समुदायमा रहेका महिला हिंसाका सावालहरु जस्तै बालविवाह, दाइजो, महिलाको आर्थिक सशक्तिकरण सम्बोधन हुने खालका विषयवस्तुलाई समेटेर ५ वर्षे रणनीतिक योजनाको मस्यौदा तयार भएको थियो ।

साथै समुदायबाट आउने गरेका महिला हिंसा सम्बन्धी मुद्दाहरुलाई प्राथमिकतामा राखि न्यायिक समितीबाट प्रभावितको न्याय पहुँच सुनिश्चितताका लागि नीति तयार गरि कार्यान्वयनमा ल्याउने, पालिकाका विभिन्न शाखाहरुबाट प्रदान गरिने सेवाहरुलाई महिला, बालबालिका तथा किशोर किशोरीमैत्री बनाउने, हिंसा प्रभावितहरुका लागि संरक्षणकोष निर्माण, व्यवस्थापन र सञ्चालन गर्नुपर्ने, बाल संरक्षण समिति निर्माण र कार्यान्वयन गरि सक्रिय बनाइनुपर्ने, र लैङ्गिक हिंसा सम्बन्धी कानुनबारे सचेतनामुलक कार्यक्रम चलाउनु पर्ने जस्ता विषयमा विशेष रुपमा छलफल गरिएको थियो ।

## मानव अधिकार रक्षकहरुको समष्टिगत क्षमता अभिवृद्धि तालिम




महिला हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा मानव अधिकार रक्षकहरुको समष्टिगत क्षमता अभिवृद्धि तालिम - पुनर्ताजगी कार्यक्रम २ र ३ डिसेम्बर २०२१ मा काठमाण्डौंमा सम्पन्न भएको थियो । कार्यक्रममा विभिन्न जिल्लाबाट २६ जना मानव अधिकार रक्षकहरुको उपस्थिति रहेको थियो । २६ जना सहभागीमध्ये २१ जना महिला, २ जना पुरुष, ३ जना यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायबाट हुनुहुन्थ्यो । तालिममा २ जना अपाङ्गता भएका व्यक्तिको सहभागिता रहेको थियो ।

अघिल्लो तालिममा छलफल गरिएका व्यक्तिगत, संस्थागत, डिजिटल र मनोसामाजिक सुरक्षाका विषयहरुलाई अझै स्पष्ट पार्न र मानव अधिकार रक्षकहरुका लागि वृहत्तर ज्ञानमा सघाउ पुगोस् भन्ने उद्देश्यले सञ्चालन गरिएको पुनर्ताजगी तालिमलाई जम्मा ४ वटा सत्रमा विभाजन गरिएको थियो । जसमा मानव अधिकार रक्षक सम्बन्धि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संयन्त्रहरु, समुदाय स्तरमा भए गरेका काम र प्रयास, डिजिटल रुपमा कसरी सुरक्षित हुने र मानव अधिकार भित्रका अन्तरसम्बन्धित विषयवस्तुहरुमा छलफल भएको थियो । मानव अधिकार रक्षकहरुको सम्मान, पहिचान र सुरक्षाको लागि हाल नेपालमा नीति, नियम, ऐन, कानुन न्यून रहेकोले यसको लागि राष्ट्रिय मानव अधिकार आयोग लगायत सबैले पहल गर्नुपर्ने निष्कर्ष कार्यक्रमको रहेको थियो । तालिममा विभिन्न अधिकार जस्तै महिला अधिकार, दलित अधिकार, अपाङ्गता अधिकार, यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको अधिकार, पत्रकारितामार्फत् मानव अधिकारको विषय उठान गर्ने पत्रकार र युवा तथा बालअधिकारको क्षेत्रमा काम गर्ने मानव अधिकार रक्षकहरुको उपस्थिति र अनुभव आदान प्रदानले छलफलहरुलाई उपलब्धीमूलक बनाएको थियो ।

## आइएलओ महासन्धी १८९ र आइएलओ महासन्धी १९० को सवाल, चुनौती र आवश्यकता विषयक भर्चुयल अन्तर्क्रिया कार्यक्रम


महिला हिंसा विरुद्धको १६ दिने अभियानको सन्दर्भमा ९ डिसेम्बर २०२१ मा अर्न्तराष्ट्रिय श्रम संगठन (आइएलओ), ओरेक र सुरक्षित आप्रवासको लागि राष्ट्रिय सञ्जाल (NNSM) को संयुक्त आयोजनामा आइएलओ महासन्धी १८९ र आइएलओ महासन्धी १९० को सवाल, चुनौती र आवश्यकता विषयमा भर्चुयल अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो ।



सरोकारवाला सरकारी तथा गैरसरकारी निकायहरुलाई घरेलु कामदारहरुले कार्यस्थलमा सुरक्षित र स्वस्थ तवरले काम गर्न पाउने अधिकार र कार्यस्थलमा हुने हिंसा र दुर्व्यवहार रोक्नको लागि आइएलओ महासन्धीहरु १८९ र १९० अनुमोदनको लागि पैरवी गर्ने उद्देश्यका साथ कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रमको पहिलो सत्रमा आइएलो का राष्ट्रिय निर्देशक(कन्ट्रि डिरेक्टर) रिचार्ड हवार्डले घरेलु कामदारको श्रम अधिकारको रक्षा गर्दै उनीहरुलाई हिंसा र यातनारहित स्थानमा काम गर्ने वातावरण सृजना गर्नका लागि सरकारलाई उत्तरदायी बनाउन आइएलओ महासन्धीहरु अनुमोदन गर्न नागरिक समाजहरुले दबाव दिनुपर्ने आवश्यकता रहेको कुरामा जोड दिनुभएको थियो । कार्यक्रममा वैदेशिक रोजगार विभाग, राष्ट्रिय मानव अधिकार आयोग, चौधवटा नागरिक समाज संगठनका प्रतिनीधिहरु, वैदेशिक रोजगारबाट फर्किएकाहरु र GEFONT, NTUC लगायतका श्रम संगठनका पदाधिकारीहरुको सक्रिय सहभागिता रहेको थियो ।

कार्यक्रमको दोस्रो सत्रमा वैदेशिक रोजगारबाट फर्किएका दुई जना प्रतिनीधिहरुले आफ्ना अनुभवहरु बताउँदै विदेश जान चाहने अन्य महिलाहरुको लागि भाषा, सिप सिकेर वैधानिक तरिकाले मात्र विदेश जान सुझाव दिएका थिए । कार्यक्रममा उपस्थित सरोकारवालाहरुले घरेलु कामलाई मर्यादित कामको रुपमा स्थापित गर्न, आप्रवासनलाई सुरक्षित र नियमित गर्न र श्रमिकहरुको अधिकार प्रवर्द्धनका लागि आइएलओ महासन्धीहरु १८९ र १९० अनुमोदन गर्न राष्ट्रियस्तरमा थप पैरवी र अभियान गर्नु पर्नेमा जोड दिएका थिए ।

# गृहश्रमिकको सरोकार र आन्तरिक आप्रवासन विषयक भर्चुअल अन्तर्क्रिया कार्यक्रम



अध्ययनको बारेमा

| | |
|---|---|
| Location | South Asia- 7 Countries, 12 Locations<br>Bangladesh (Dhaka)<br>Bhutan (Thimpu)<br>India (Ahmedabad, Mumbai, Fulia and Tirrupur)<br>Maldives (Male)<br>Nepal (Kathmandu)<br>Pakistan (Karachi and Lahore)<br>Sri Lanka (Colombo and Kandy) |
| Total HBW Respondents | 502 women - 394 surveyed in August and 108 in June – all wer[illegible] members of HNSA affiliate organisations |
| Period of Study | Phase I: Pre-Crisis (February 2020, Peak Lockdown (April-May 2020), Survey month (June and August 2020)<br>Phase II: October 2021 (June-July) |
| Questionnaire Design | WIEGO |
| Data Collection | HNSA [illegible] organisations-HBWCSN and SABAH in nepal |



गृहश्रमिकको वर्तमान सवाल र सरोकारको विषयमा पैरवी गर्ने, गृहश्रमिकको अधिकारमा ऐक्यवद्वता जगाउने र सम्बन्धित आइएलओ महासन्धि १७७ को अवलम्बनको  लागि पैरवी गर्ने उद्देश्यले २० डिसेम्बर २०२१ मा ओरेक र गृहश्रमिकहरुको सरोकार समाज नेपाल को संयुक्त आयोजनमा गृहश्रमिकको सरोकार र आन्तरिक आप्रवासन विषयक भर्चुअल अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा गृह श्रमिककारुपमा काम गर्दै आएका गृहश्रमिकहरुले गृह श्रमिकको पहिचानको मुद्दा, उनीहरुले भोग्दै आएका समस्या र सवालहरुको बारेमा आफ्ना भनाइहरु राखेका थिए । कार्यक्रमको पहिलो सत्रमा गृहश्रमिक सरोकार समाज नेपालका अध्यक्ष प्रभा पोखरेलले गृहश्रमिक सरोकार समाज नेपालले होम नेट साउद एसियाको सहयोगमा गरेको "दक्षिण एसियाका महिला गृहश्रमिकहरुमा कोभिड १९ को प्रभाव" अध्ययन प्रतिवेदन पेश गर्नुभएको थियो । त्यसैगरि ओरेकका कार्यकारी निर्देशक लुभ राज न्यौपानेले आन्तरिक आप्रवासन र आइएलओ महासन्धि १७७ को प्रावधान र सान्दर्भिकताबारे प्रस्तुती दिनुभएको थियो । साथै कार्यक्रममा आइएलओ नेपालका निर्देशक, रिचार्ड होवार्डले कोभिड १९ ले अनौपचारिक क्षेत्रमा कार्यरत गृहश्रमिकहरु विशेषगरि महिला गृहश्रमिकहरुमाथि परेको प्रभाव, आगामी दिनहरुमा गृहश्रमिकका लागि आवश्यक सुरक्षित, स्वस्थ्य र सामाजिक सुरक्षासहितको वातावरण सृजना गर्नका लागि सिकाइको रुपमा लिनुपर्ने र अहिलेको श्रमिकको सुरक्षा र मर्यादित कामको अभियानमा गृहश्रमिकको मुद्दा केन्द्रमा रहनुपर्ने बताउनु भएको थियो ।

कार्यक्रमको खुल्ला छलफलको सत्रमा सभा नेपालको प्रतिनिधि शान्ता शाक्यले गृहश्रमिकहरुले आफू आबद्ध संस्थाबाट मात्र परिचय पत्र पाएको र गृहश्रमिकको रुपमा कतै पनि पञ्जिकृत हुने अवस्था नरहेको र अनौपचारिक क्षेत्रमा कार्य गर्ने भएकाले रोजगारदाताले श्रमिकलाई दिनुपर्ने सेवा सुविधा केही नदिएको अवस्थाबारे बताउनु भएको थियो । त्यस्तै कार्यक्रममा सहभागिहरुले सरकारले गृह श्रमिकहरुको पहिचान, सुरक्षित वातावारणमा काम गर्न पाउने अधिकार सुनिश्चितता लागि काम गर्नुपर्नेमा जोड दिएका थिए ।

# आप्रवासि घरेलु श्रमिक महिलाहरुको  अवस्था र चुनौतीमा सरोकारवालाहरुको भुमिका विषयक अन्तरक्रियात्मक छलफल कार्यक्रम

आप्रवासी श्रमिक दिवसको सन्दर्भमा १४ र  १५ डिसेम्बर २०२१ मा तुलसीपुर उप-महानगरपालिका र शान्तिनगर गाउँपालिकामा 'सचेत, सिपमुलक र सुरक्षित रोजगार: मर्यादित श्रम आप्रवासनको मूल आधार' भन्ने राष्ट्रिय नाराको साथ आप्रवासि कामदारहरुको अवस्था र चुनौतीमा सरोकारवालाहरुलाई जिम्मेवारी बोध गराउने उद्देश्यले अन्तरक्रियात्मक छलफल कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा सरकारी तथा गैरसरकारी संघ सस्था, राजनैतिक दल, ईलाका प्रहरी कार्यालय, मजदुर संगठन, प्रधानमन्त्री स्वरोजगार कार्यक्रम संयोजक , उद्योग वाणिज्य संघ, अटो व्यवसायिक संघ र वैदेशिक रोजगारबाट फर्केका महिलाहरुको उपस्थिती रहेको थियो ।



> वैदेशिक रोगजगारको कारणले परिवार विखण्डन र श्रीमान- श्रीमती, आमा-बुबा, घरपरिवार मानसिक तनावको सिकार हुने भएको हुँदा स्थानीय सरकारले आप्रवासि कामदारहरुलाई स्वदेशमा रोजगारिको सृजना गर्नु पर्छ ।
> -श्यामु अर्याल, ईलाका प्रहरी कार्यलय प्रमुख

> आप्रवासि कामदारहरुको सामाजिक पुन: एकिकरण एवं पुनर्स्थापनाको लागि  स्थानीय सरकारले ध्यान दिनु पर्छ ।  न्यायमा पहुँच नहुनु, तोकिएको ज्याला नपाउनु , समयमा ज्याला नपाउनु , श्रम-शोषण ,यौन-शोषण, कामबाट बिना कारण निकालिनु ,घरेलु हिंसा जस्ता समस्या आप्रवासी श्रमिकहरुले भोग्दै आएका छन् । महिला आप्रवासि कामदारहरु विशेष जोखिममा पर्ने जस्तै : शारीरिक, मानसिक र लैङ्गिक हिंसा, यौन हिंसाको सिकार हुनुपर्ने वाध्यता भएकोले यसको तथ्याङ्क संकलन गरी  विशेष कार्यक्रम लागु गर्नु पर्छ ।
> -विदेशबाट फर्किएका महिला श्रमिक कामदार

> आप्रवासि घरेलु श्रमिक महिलाहरुलाई स्वदेशमा रोजगारी सृजना गर्नको लागि  वैदेशिक रोजगारमा गएका वा  फर्केका महिलाहरुको अवस्था , योग्यता, सिप र दक्षता पहिचान गर्नको लागि तथ्याङ्क संकलन गरी योजना बनाइ काम गर्नु पर्छ ।
> -टोप बहादुर के.सी.  तुलसीपुर उपमाहानगरपालकिा विपत व्यवस्थापन संयोजक

## यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी एकीकृत महिला स्वास्थ्य मेला सञ्चालन

महिलाहरुलाई एकिकृत रुपमा स्वास्थ्य सेवा प्रदान गर्ने तथा जनचेतना अभिवृद्धि गराउनुका साथै प्रतिकारात्मक, प्रवद्धर्नात्मक, उपचारात्मक र परामर्श सेवा प्रदान गर्ने उद्देश्यले ओरेकले स्थानीय तहसंगको समन्वयमा रुकुम, काठमाण्डौ र मोरङ्ग जिल्लामा गरी ५ वटा एकीकृत महिला स्वास्थ्य मेला सञ्चालन गरेको थियो । स्वास्थ्य मेलामा पिसाव पोल्ने, पाठेघर सम्बन्धी चेकजाँच, तल्लो पेट दुख्ने, सेतो पानि बग्ने, ढाड दुख्ने, हाड जोर्नी दुख्ने, ग्याष्ट्रिक आदि समस्या भएका ७३० जनालाई स्वास्थ्य सेवा प्रदान गर्नुका साथै सूचनामूलक सामग्रीहरुको माध्यमबाट लैङ्गिक हिसा र यसले स्वाथ्यमा पार्ने असर र रोकथामका उपायहरु विषयमा जानकारी समेत प्रदान गरिएको थियो । स्वास्थ्य शिविरको माध्यमबाट समुदायमा महिलाहरुको स्वास्थ्यसम्बन्धी वास्तविक समस्याहरुको पहिचान गर्ने, महिलाको आफ्नो शरीर आफ्नो अधिकार सम्बन्धमा सचेत गराउने, पाठेघर खसेका महिलाहरु तथा फिस्टुला भएका महिलाहरुको छनौट (Screening) गरि पाठेघर खसेका महिलाहरुलाई दक्ष, तालिमप्राप्त स्वास्थ्यकर्मीद्धारा रिङप्रेसरी तथा अन्य उपचार सेवा प्रदान गर्ने उद्देश्यका साथ स्वास्थ शिविर सञ्चालन गरिएको थियो । शिविरमा लैङ्गिक हिसा र यसले स्वाथ्यमा पार्ने असर र रोकथामका उपायहरुका विषयमा अभिमुखीकरण, महिलाहरुको कथा अभिलेखिकरण (सयपत्री कुराकानीको माध्यमबाट) स्वास्थ्य परामर्श, मनोसामाजिक विमर्श र कानुनी परामर्श लगायतका सेवा समेत प्रदान गरिएको थियो ।











## ओसिएमसी तथा परोपकार स्त्री तथा प्रसुती रोग अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरुका लागि ४ दिने लैङ्गिक विभेदमा आधारित हिंसा तथा संप्रेषण संयन्त्रसम्बन्धी २ चरणको तालिम सम्पन्न



एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसिएमसी) मार्फत लैङ्गिक हिंसा प्रभावितले स्वास्थ्य उपचार, मनोविमर्श तथा परामर्श सेवा र अन्य एकिकृत स्वास्थ्य सेवा प्राप्त गर्दछन् । स्वास्थ्यकर्मी हिंसा प्रभावितको सबैभन्दा पहिलो सम्पर्कमा आउने व्यक्ति भएकोले स्वास्थ्यकर्मीहरुको विषयगत दक्षता अभिवृद्धि गरि प्रभावित केन्द्रित स्वास्थ्य सेवा प्रदान गर्न विषयगत रुपमा दक्ष गराउने उद्देश्यले ओरेकले राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, टेकुसँगको समन्वयमा डिसेम्बर १७ देखि ३० डिसेम्बर २०२१ सम्म २ चरण (ब्याच)को ४ दिने लैङ्गिक हिंसा तथा सम्प्रेषण संयन्त्र सम्बन्धी तालिमको आयोजना गरेको थियो । तालिममा ओसिएमसी तथा परोपकार स्त्री तथा प्रसुती रोग अस्पतालमा कार्यरत डाक्टर, नर्सहरु सहित २४ जना स्वास्थ्यकर्मीहको उपस्थिती रहेको थियो ।

स्वास्थ्यकर्मीहरुले क्लिनिकल सेटिङ्गमा हिंसा प्रभावितको पहिचान गर्ने, मनोविमर्श सेवा प्रदान गर्ने उपयुक्त रेफरलको लागि समन्वय गरि प्रभावितको न्यायमा पहुँच अभिबृद्धि गर्ने उद्देश्यले तालिमको आयोजना गरिएको थियो । परोपकार स्त्री तथा प्रसुती रोग अस्पतालमा कार्यरत बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञहरु डा. सपना अमात्य बैद्य, डा.दिप्ती श्रेष्ठ, डा. श्रीराम खड्काले तालिमलाई सहजीकरण गर्नुभएको थियो । साथै लैङ्गिक हिंसासम्बन्धी कानुनी प्रावधान लगायतका विषयलाई सहजीकरण राष्ट्रिय महिला आयोगका अधिवक्ता श्री विमला खड्का र हिंसा सम्बोधनमा प्रहरीको भूमिका र स्वास्थ्यकर्मीहरुले हिंसा प्रभावितको न्यायमा पहुँचका लागि तयार गर्नुपर्ने आवश्यक कागजातहरु जस्ता विषयलाई समेटेर प्रहरी प्रधान कार्यालय नक्सालका डि.एस.पि छिरिङ्ग किप्पा लामाले तालिमलाई सहजीकरण गर्नुभएको थियो । तालिममार्फत परोपकार प्रसुती तथा स्त्री रोग अस्पताल र ओसिएमसीमा कार्यरत सहभागी स्वास्थ्यकर्मीहरुलाई हिंसा प्रभावितको क्लिनिकल हेरचाह, सामान्य उपचार, लैङ्गिक हिंसा प्रभाविहरुको समग्र व्यवस्थापन गर्न सहयोग पुगेको सहभागिहरुले जनाएका थिए ।

## लैङ्गिकतामा आधारित हिंसा उपसमुहको तथ्याङ्क तथा सुचना व्यवस्थापन सम्बन्धी अर्न्तक्रिया कार्यक्रम सम्पन्न

ओरेकले लैङ्गिक हिंसा विषयगत उपक्षेत्र अर्न्तगत तथ्याङ्क समूहमा रहि निर्माण भएको लैङ्गिक हिंसाको एकीकृत तथ्यांक संकलनका लागि तयार भएको जिविभी ड्यासबोर्ड, निर्देशिका र सर्वे प्रश्नावलीहरुमा छलफल गरी यसलाई अन्तिम रुप दिने उद्देश्यका साथ महिला तथा बालबालिका विभाग संगको समन्वयमा संघीय स्तरमा रहि लैंगिक हिंसाका क्षेत्रमा प्रत्यक्ष रुपमा कार्य गरिरहेका सरोकारवालाहरुको उपस्थितिमा एकदिने अर्न्तक्रिया कार्यक्रमको आयोजना २९ नोभेम्बरमा काठमाण्डौंमा गरिएको थियो । उक्त अर्न्तक्रिया कार्यक्रममा २ पूरष, १० महिला र २ जना यौनिक तथा लैंगिक अल्पसंख्यक गरी १४ जनाको उपस्थिति रहेको थियो ।



*अर्न्तक्रिया कार्यक्रममा कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै निमित्त महानिर्देशक मिरा शेरचन*

यस अर्न्तक्रिया कार्यक्रममा सर्वप्रथम महिला तथा बालबालिका विभागका निर्देशक मिरा शेरचन ज्यूले लैङ्गिक हिंसा उपसमुहको तथ्याङ्क समुह गठन गर्नुको उद्देश्य लैङ्गिक हिंसा सम्बन्धी एकीकृत तथ्याङ्क संकलन गर्न, यसलाई मानवीय सहायता कार्यक्रमहरु निर्माण गर्दा हाल भएका कार्यक्रमगत अपुगतालाई सम्बोधन गर्न र विपदको अवस्थामा लैंगिक हिंसाका घटनाहरुको अवस्था, प्राथमिकताका क्षेत्रहरु छुट्याई समग्र रुपमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न स्रोतहरुको बाँडफाँडमा एकरुपता ल्याउन एकीकृत तथ्याङ्कले मद्दत गर्दछ भन्ने बारेमा जोड दिनुभएको थियो ।

अर्न्तक्रिया कार्यक्रममा लैंगिक हिंसा विषयगत उपक्षेत्रले तयार गरेको निर्देशिका र त्यहाँ भएका खण्डीकृत तथ्याङ्कहरुको बारेमा छलफल गरिएको थियो । हाल समाजमा समलिंगी महिला तथा समलिंगी पुरुषहरुमा पनि विविध प्रकारका हिंसाका घटनाहरु हुने गरेकाले महिला पुरुष तथा ननवाईनरीले मात्र यी हिंसा प्रभावितलाई समेट्न नसक्ने भएकाले विशेष गरी यौन अभिमुखीकरणलाई लैगिक खण्डीकृत तथ्याङ्कमा राख्नुपर्ने, साथै उमेर समुह तथा अपांगताको बर्गीकरण गर्दा नेपाल सरकारले निर्धारण गरेका बर्गीकृत तथ्याङ्कलाई आधार मान्नुपर्ने कुरा सहभागीहरुले ल्याएका थिए ।

## आर्थिक सशक्तिकरण, पुनर्एकिकरण, मनोपरामर्श सेवा र प्रभावितको सहयोगका लागि बजेट बिनियोजन गर्न स्थानीयतहसंग छलफल



ओरेकले महिलाहरुको आर्थिक शसक्तिकरण, हिंसा प्रभावितहरुका मुद्धा र आवश्यक्तालाई पालिकाको नीतिमा राखी बजेटको व्यवस्था गर्न तथा हिंसा प्रभावितहरुको सुरक्षा र जीविकोपार्जनका लागि पैरवी गर्ने उद्देश्यले छलफल कार्यक्रमको आयोजना गरिएको थियो । स्थानीय तहसंगको समन्व्यमा ११ र १४ डिसेम्बरमा मोरङ्ग जिल्लाको लेटाङ्ग र कानेपोखरी गाउँपालिकामा सम्पन्न भएको यस कार्यक्रममा पालिका प्रमुख, उपप्रमुख, युवा समूह, महिला समूहका सदस्यहरु गरी ६५ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा बोल्दै पालिकाका प्रमुख तथा उपप्रमुखहरुले महिला हिंसा न्यूनीकरणका लागि आर्थिक शसक्तिकरणका कार्यक्रमहरु ल्याउनुपर्ने, हिंसा प्रभावितहरुको मनोसामाजिक समस्यालाई संवोधन गर्न मनोविमर्श कर्ताहरुको व्यवस्था गर्न पालिका सकारात्मक रहेको बारेमा बताउनु भएको थियो । महिलाका विशेष मुद्धाहरुमा ओरेक जानकार रहेकोले पालिका बाट सञ्चालन गर्नुपर्ने कार्यक्रममा ओरेकलाई सहयोग गर्न आग्रह समेत गर्नुभएको थियो । साथै हिंसा प्रभावित तथा महिलाहरुको सवाल उनीहरुबाट नै बढि आउने भएकोले महिलाहरुलाई सञ्जालीकरण गरेर उनीहरुको विशेष रुपमा संवोधन गर्नुपर्ने मुद्धाहरुलाई उनीहरुकै आवाजमा पालिकामा ल्याउन ओरेकको सहजीकरणको आवश्यक्ता रहेको समेत बताउनु भएको थियो ।

## लैङ्गिकतामा आधारित हिंसा सम्बन्धी सुरक्षित र नैतिक तथ्यांक संकलन र व्यवस्थापन सम्बन्धी तालिम सम्पन्न

लैङ्गिकतामा आधारित हिंसा सम्बन्धी राष्ट्रिय तथ्याङ्कको अभावले उत्पन्न समस्यालाई मध्यनजर गर्दै विभिन्न संस्था तथा सरोकारवालाहरुले संकलन गरेका तथ्याङ्कहरुलाई एकिकृत गर्दै लैङ्गिक हिंसा विषयगत उपसमूहले तयार गरेको जिबिभी ड्यासबोर्ड मार्फत नैतिक र सुरक्षित तरिकाले तथ्याङ्क संकलन र व्यवस्थापन गर्न ज्ञान र सीप अभिवृद्धि गर्ने उद्देश्यका साथ ओरेकले महिला तथा बालबालिका विभागसँगको सहकार्यमा "**लैङ्गिकतामा आधारित हिंसा सम्बन्धी सुरक्षित र नैतिक तथ्याङ्क संकलन र व्यवस्थापन सम्बन्धी ३ दिने तालिम**"को आयोजना गर्‍यो । डिसेम्बर ८ देखि १० सम्म काठमाण्डौंमा आयोजना गरिएको तालिममा ३ जना पुरुष र २१ जना महिला गरि २४ जनाको सहभागिता रहेको थियो ।



*सुरक्षित र नैतिक तथ्यांक संकलन तथा व्यवस्थापन सम्बन्धी तालिम काठमाण्डौंका सहभागीहरु समूह कार्य गर्दै*

साथै संस्थाले महिला बालवालिका युवा तथा खेलकुद मन्त्रालय प्रदेश नं २ संगको समन्वयमा २ दिने प्रदेश स्तरीय "***लैंगिकतामा आधारित हिंसा सम्बन्धी सुरक्षित र नैतिक तथ्यांक संकलन र व्यवस्थापन सम्बन्धी २ दिने तालिम"*** प्रदेश नं २ मा मिति २०७८ पौष ७ र ८ मा संचालन गरेको थियो । जसमा ९ पुरुष, १५ जना महिला र २ जना यौनिक तथा लैंगिक अल्पसंख्यकको उपस्थिति रहेको थियो ।


दुवै तालिम कार्यक्रममा लैंगिक हिंसाका क्षेत्रमा तथ्यांक संकलन तथा व्यवस्थापन गरिरहेका प्रहरी, एकद्धारसंकट व्यवस्थापन केन्द्र, न्यायिक समिति, सुरक्षावास, मानव अधिकार आयोग, ईन्सेक, निलहिरा समाज, अपांग महासंघ, महिला तथा बालबालिका विभाग, महिला बालवालिका युवा तथा खेलकुद मन्त्रालय लगायत सरकारी तथा गैरसरकारी संस्थाका तथ्यांककै क्षेत्रमा काम गरिरहेका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

तालिमको अन्तमा सहभागीहरुले कार्यक्रमबाट कसरी नैतिक र सुरक्षित तरिकाले तथ्यांक संकलन गर्ने भन्ने बारेमा विश्व स्वास्थ्य संगठनले तयार गरेको निर्देशिका प्रभावित केन्द्रित सिदान्तहरु र सुचना व्यवस्थापन बारे जानकारी भई काममा सहयोग पुग्ने कुरा व्यक्त गरेका थिए ।

## लैंगिक हिंसाका घटना व्यवस्थापन सम्बन्धी २ दिने तालिम सम्पन्न


लैंगिक हिंसाका घटना व्यवस्थापन तालिम कर्णाली प्रदेश सुर्खेतका सहभागीहरु

२२ र २३ डिसेम्बरमा ओरेकले महिला बालबालिका र युवा तथा खेलकुद मन्त्रालय प्रदेश नं २ सँगको समन्वयमा  प्रदेश स्तरीय ***"लैङ्गिकतामा आधारित हिंसा सम्बन्धी घटना व्यवस्थापन २ दिने तालिम"*** प्रदेश नं २ मा  सञ्चालन गर्‍यो । तालिममा ९ पुरुष, १५ जना महिला र २ जना यौनिक तथा लैङ्गिक अल्पसंख्यकको उपस्थिति रहेको थियो । तालिममा लैङ्गिक हिंसाका क्षेत्रमा तथ्याङ्क संकलन तथा व्यवस्थापन गरिरहेका सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधहरुको उपस्थिती रहेको थियो ।




यसैगरी ओरेकले कर्णाली प्रदेशमा लैङ्गिक हिंसाका क्षेत्रमा प्रत्यक्ष रुपमा काम गरिरहेका सेवा प्रदायकहरुका लागि घटना व्यवस्थापन, प्रभावित केन्द्रित सिद्धान्तको प्रयोगको आवश्यकता, घटनाप्रतिको संवेदनशिलता र सुरक्षित सम्प्रेषण सम्बन्धी ज्ञान तथा सीप अभिवृद्धि गर्ने उद्देश्यले **लैङ्गिक हिंसाका घटना व्यवस्थापनसम्बन्धी** २ दिने तालिमको आयोजना गरेको थियो ।  सामाजिक विकाश मन्त्रालय कर्णाली प्रदेशसँगको समन्वयमा १८ र १९ नोभेम्बरमा सञ्चालन गरिएको यस तालिममा सोही प्रदेशका सुर्खेत, दैलेख, जुम्ला, रुकुम पश्चिम र सल्यान जिल्लाका २२ जना (१ पुरुष, २० महिला र १ जना यौनिक तथा लैङ्गिक अल्पसंख्यक) सेवा प्रदायक निकायहरुको सहभागिता रहेको थियो ।

## १ दिने लैङ्गिक  हिंसाको संशोधित निर्देशिकामा आधारित तालिम






ओरेकले १ दिने लैङ्गिक हिंसाको संशोधित निर्देशिकामा आधारित तालिम, प्रदेश नं २ को धनुषामा २१ डिसेम्बर २०२१ र कर्णाली प्रदेशको सुर्खेत जिल्लामा २७ डिसेम्बर २०२१ मा सम्पन्न गरेको थियो । तालिममा धनुषा, रुकुम पश्चिम, सुर्खेत, सल्यान, जुम्ला र जाजरकोटका जम्मा ४२ जना प्रहरीहरुको सहभागिता रहेको थियो । लैङ्गिक हिंसाको संशोधित निर्देशिकामा छलफल गर्ने, प्रहरीले हिंसाका घटनाहरु निस्पक्ष रुपमा कसरी छानबिन गर्ने र संवेदनशिल रुपमा सेवा प्रवाह कसरी गर्ने भन्ने विषयमा छलफल गर्नु तालिमको उद्देश्य रहेको थियो ।


तालिममा सहभागिहरुले लैङ्गिक  हिंसाको केसमा काम गर्दा भोग्नुपरेका चुनौतीहरुबारे छलफल भएको थियो । लामो र झन्झटिलो कानूनी प्रक्रियाले गर्दा प्रभावितहरु न्याय प्राप्त गर्न निरुसाहित हुने गरेको, लैङ्गिक  हिंसासम्बन्धि अन्तर्राष्ट्रिय सन्धिहरु कार्यान्वयन नभएको, भौगोलिक समस्याहरुले गर्दा सेवा प्रदान गर्न गाह्रो भएको, सामाजिम सञ्जाल र ईन्टरनेटको दुरुप्रयोगले गर्दा प्रभावितहरुको गोपनियता भंग हुने, राजनीतिक दबाबले केसहरु रोकिने, प्रहरीहरुले केसहरु लुकाउने गर्छन् भन्ने मानसिकता मानिसहरुमा रहेको कुरा सहभागी प्रहरीबाट आएको थियो । तालिमबाट ४२ जना प्रहरीहरु लैङ्गिक  हिंसाको संम्सोधित निर्देशिकामा प्रशिक्षित भइ प्रभावित केन्द्रित अवधारणाहरुमा संवेदनशिल भई आगामी दिनहरुमा सेवाहरु सक्रिय र समानुभूतिका साथ प्रदान गर्ने प्रतिबद्धता जनाएका छन् । तालिमले आगामी दिनमा हिंसा प्रभावितकालागि संवेदनशिल भई सेवा प्रवाह गर्न सेवा प्रदायकको क्षमतामा अभिवृद्धि गर्न सफल भएको छ ।


## महिला तथा बालिकामाथि हुने हिंसा तथ्याङ्क

ओरेकले नोभेम्बर २०२१ देखि जनवरी २०२२ सम्मको ३ महिनाको अवधिमा जम्मा ८११ जना महिला तथा बालिकामाथि भएका हिंसाका घटनाहरु अभिलेखीकरण गरेको छ। जसमध्ये ८७ वटा घटना विभिन्न पत्रपत्रिकामार्फत संकलन गरिएको हो ।








## प्रभावितका लागि मनोविमर्श सेवा

ओरेकले नोभेम्बर २०२१ देखि जनवरी २०२२ सम्मको ३ महिनाको अवधिमा संकलन भएका कूल ८११ महिला हिंसाका घटनाका प्रभावितहरु र उनीहरुको परिवारका सदस्यहरुलाई गरि यस अवधिमा ३ हजार ५१ जनालाई मनोविमर्श सेवा प्रदान गरेको छ। मनोविमर्श सेवा ओरेकद्वारा सञ्चालित २ वटा हटलाइन, ३० मनोविमर्श केन्द्र र ९ वटा सुरक्षाआवास मार्फत प्रदान गरिएको हो। प्राकृतिक प्रकोप, महामारी, द्वन्द्वको प्रभावले परेको समस्या लगायत विभेद र हिंसाबाट प्रभावित व्यक्ति तथा समुदायको मनोसामाजिक अवस्थामा परेको प्रभावलाई सम्बोधन गर्नका लागि स्थानीय तहले मनोविमर्श सेवालाई प्राथमिकतामा राखी सहज रुपमा सेवा दिने व्यवस्था गर्नु आवश्यक छ। यस विषयलाई प्राथमिकतामा राखेर संस्थाले हरेक वडामा एक मनोविमर्शकर्ताको व्यवस्था का लागि निरन्तर पैरवी गर्दै आइरहेको छ।






## ३० औं अन्तर्राष्ट्रिय १६ दिने लैङ्गिक हिंसा विरुद्धको अभियानको अवसरमा लैङ्गिक समानता तथा महिला अधिकारका सवालमा कार्यरत तथा सरोकार राख्ने संघसंस्थाहरुको सहभागितामा प्रदर्शन कार्यक्रमका केही झलकहरु:































ओरेक
बालकुमारी, ललितपुर फोन नं.: फोन : ०१ ५१८६०७३
ईमेल : ics@worecnepal .org
वेबसाइट : www .worecnepal .org